**मिति :२०७५/१२/०८ गते नगर कार्यपालिकाको निर्णय**

प्रस्तावहरु

१. नमूना विद्यालय सुधार गुरुयोजना सम्बन्धमा ।
२. लोक सेवा आयोग तयारी कक्षा संचालन सम्बन्धमा ।
३. नदीजन्य पदार्थ अवैध उत्खनन् सम्बन्धमा ।
४. स्रोत व्यक्तिको निरन्तरता सम्बन्धमा ।
५. Satellite City सम्बन्धमा ।
६. घर भाडा सम्बन्धमा ।
७. रकम विनियोजन सम्बन्धमा ।
८. योजना संशोधन सम्बन्धमा ।
९. विविध सम्बन्धमा

निर्णय नं १

प्रस्ताव नं १ उपर छलफल गर्दा मध्यनेपाल नगरपालिका वडा नं ३ को श्री मंगला माध्यमिक विद्यालय नेपाल सरकार शिक्षा तथा मानव विकास केन्द्रको नमूना विद्यालय विकास कार्यक्रममा समावेश भई विद्यालयको समग्र विकासका लागि ५ वर्षे कार्यक्रम सहितको विद्यालय सुधार गुरुयोजना मिति २०७५/१२/०१ मा नियमानुसार अन्तिम स्वीकृतीका लागि पेश भएकोले उक्त योजना स्विकृत गरी कार्यान्वयन गर्न सम्बन्धित विद्यालयलाई यस कार्यपालिका बैठकबाट अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं २

प्रस्ताव नं २ उपर छलफल गर्दा आ.व.२०७५।७६ मा नगरपालिबाट विनियोजित **लोक सेवा आयोग तयारी कक्षा** मिति २०७५/११/२२ गते बाट संचालन भएकोमा प्रशिक्षकको पारिश्रमिक **कार्य संचालन निर्देशिका, २०७३ (छैटौं संस्करण)** मा उल्लेखित मापदण्ड अनुसार हुने र कक्षा संचालनमा १ (एक) घण्टा वरावर १ (एक) सेसन, आन्तरिक प्रशिक्षकले सार्वजनिक बिदामा आवश्यकता अनुसार दैनिक अधिकतम ४ (चार) सेसन, अन्य समयमा दैनिक अधिकतम २ (दुई) सेसन र बाह्य प्रशिक्षकले आवश्यकता अनुसार दैनिक अधिकतम ४ (चार) सेसन सम्म कक्षा संचालन गर्ने गरी निर्णय गरियो ।

निर्णय नं ३

प्रस्ताव नं ३ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्रका विभिन्न खोलानालाबाट नदीजन्य पदार्थको अवैध रुपमा उत्खनन् (मेसिन प्रयोग गर्ने, पुल नजिक बाट उठाउने, ठेक्का नलागेको स्थानबाट उत्खनन् गर्ने ) तथा संकलन गरी रहेको अवस्थामा प्रहरी बाट कारबाहीका लागि पेश भई आएमा नगरपालिकाले गर्ने दण्ड जरिवाना सम्बन्धमा नगर प्रमुख ज्यू बाट मिति २०७५ साल आश्विन २२ गते गर्नु भएको निर्णयलाई कार्यपालिका बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ४

प्रस्ताव नं ४ उपर छलफल गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं.१२३, मिति २०७५/११/०८ को पत्र र शिक्षा विकास तथा समन्वय इकाई लमजुङको च.नं.६०१, मिति २०७५/११/०९ को पत्रानुसार स्रोत व्यक्तिहरुलाई आ-आफ्नो पदाधिकार रहेको विद्यालयमा काज फिर्ता हुने भनि पत्राचार भएको र सोही पत्रको च.नं. १२३ मिति २०७५/११/०८ को पत्रको बुदाँ नम्बर ३ मा विद्यालयको शैक्षिक प्रशासन र शिक्षकहरुलाई प्राविधि सहयोगका लागि स्थानीय तहले आफ्नै स्रोतबाट तलब भत्ता खान पाउने गरी स्रोत व्यक्तिलाई निरन्तरता दिन सक्ने व्यहोरा उल्लेख भएकोले यस नगरपालिकामा आधारभूत तहको नगर स्तरीय परीक्षा संचालन र समग्र शैक्षिक कार्यक्रम संचालनका लागि स्रोत व्यक्ति श्री दिपकराज पौडेललाई यस न.पा.को स्रोतबाट तलब भत्ता भुक्तानी गर्ने गरी निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं ५

प्रस्ताव नं ५ उपर छलफल गर्दा मध्यनेपाल नगरपालिकालाई Satellite City को रुपमा विकास गर्न अध्ययन गर्नको लागि परामर्श दाताको रुपमा Retro Engineering Consult Pvt. Ltd. Chapali-4, Budhanilkhantha, Kathmandu बाट प्राविधिकहरु आई प्रारम्भिक सर्वेक्षण भई सकेको र सोको विस्तृत सर्वे एवं मध्यनेपाल चक्र पथ निर्माण (रिङ्ग रोड) विस्तृत परियोजना प्रतिवेदनको लागि शहरी विकास तथा भवन कार्यालय गोरखा र Retro Engineering Consult Pvt. Ltd. Chapali-4, Budhanilkhantha, Kathmandu लाई अनुरोध गर्ने र त्यसको लागि तथ्याङ्क एवम् अन्य अभिलेखहरु उपलब्ध गराई आवश्यक सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं ६

प्रस्ताव नं ६ उपर छलफल गर्दा मध्यनेपाल नगरपालिका कार्यालय प्रयोजनको लागि लिईएको श्री मिना तिमिल्सिनाको घर (२०७५ भाद्र १४ गतेबाट सचिन लामिछानेले ७ वर्षको लागि लिजमा लिईएको) को भाडा मिति २०७५ असोज १ गतेबाट लागुहुने गरी मासिक रु ३५,००० कायम गर्ने निर्णय गरियो ।

निर्णय नं ७

प्रस्ताव नं ७ उपर छलफल गर्दा तपशिलमा उल्लेखित योजना तथा कार्यक्रमहरुमा निम्नानुसार मौज्दात रकम बाट खर्च हुने गरी रकम विनियोजन गर्ने निर्णय गरियो ।

- रम्घाटार सिंचाई योजना मध्यनेपाल न.पा. ४ मा १/१ थान कम्प्युटर र प्रिन्टर , सिद्धिविनायक आधारभूत विद्यालय वडा नं ४, वालज्योती मा.वि. वडा नं ९, जनमन्दिर मा.वि. चिसंखु वडा नं ७ र जनप्रिय प्रा.वि. नेटा वडा नं १० मा १/१ थान कम्प्युटर खरिद गरी वितरण गर्न रु ३,००,०००/-
- कुसुमाकर मा.वि., मंगला मा.वि., लक्ष्मी प्रा.वि., कल्याण मा.वि., सप्तधारा मा.वि.मा शैक्षिक विकास कार्यक्रम रु ५,००,०००/-
- मध्यनेपाल नगरपालिका वडा नं ४ मा कुमाल समाज राष्ट्रिय भेला रु १,००,०००/-
- लमजुङ महोत्सव रु १,००,०००/-
- मध्यनेपाल न.पा. वडा नं ९ मा चनौटे टारी मोटर बाटो रु २०००००/-
- मध्यनेपाल न.पा. वडा नं ९ मा सिरानचोक चिहान डाँडामा ठाँटी मर्मत रु १०००००/-
- मध्यनेपाल न.पा. वडा नं ६ मा पिस्ती खोला सार्की गाँउ मोटर बाटो रु २०००००/-
- मध्यनेपाल न.पा. वडा नं ६ मा डिही खानेपानी रु ५००००/-
- मध्यनेपाल न.पा. वडा नं ६ मा सिम्पानी ठाँटी रु १०००००/-
- मध्यनेपाल न.पा. वडा नं ६ मा गुम्बा फाँट सिंचाई रु ५००००/-
- मध्यनेपाल न.पा. वडा नं ३ मा मंगला क्याम्पस- जमुना स्थान नाली निर्माण रु २०००००/-
- मध्यनेपाल न.पा. वडा नं १ मा धिताल गाँउ पाखुरे मोटर बाटो रु १०००००/-
- मध्यनेपाल न.पा. वडा नं २ मा खनाल गाँउ मोटर बाटो रु १५००००/-
- मध्यनेपाल न.पा. वडा नं ५ मा पाल्लेपानी खानेपानी योजना रु १०००००/-
- मध्यनेपाल न.पा. वडा नं ५ मा पराजुली वेशी - डिही मोटरबाटो रु १०००००/-
- मध्यनेपाल न.पा. वडा नं १ मा चिण्डे गाँउ खानेपानी रु १५००००/-
- मध्यनेपाल न.पा. वडा नं १ मा सर्वनन्दन प्रा.वि.- मुखिया गाँउ हुदैं घर्ती गाँउ मोटरबाटो रु ५००००/-
- मध्यनेपाल न.पा. वडा नं ८ मा जनमिलन आमा समूह करापु रु २०००००/-
- नगर प्रमुख विपद व्यवस्थापन कार्यक्रमको रु १० लाख मध्ये रु ५ लाख सितीखोला नहरमा पहिरो गएकोले सो पहिरो व्यवस्थापनमा छुट्याउने ।
- मध्यनेपाल न.पा. नगरस्तरीय होमस्टे प्रवर्द्धन कार्यशाला गोष्ठी रु १,५०,०००/-
- मध्यनेपाल न.पा. वडा नं २ मा वेलबोटे दलीत वस्ती भवन निर्माण रु १०००००/-
- मध्यनेपाल न.पा. वडा नं ८ मा कल्याङ्ग वेशी रुम्टी गोरेटो बाटो रु १०००००/-
- मध्यनेपाल न.पा. वडा नं ९ मा भोटेघारी देउराली शाखा मोटरबाटो रु १०००००/-

- मध्यनेपाल न.पा. वडा नं ३  मा असिमुरे पौडेल डिही मोटरबाटो रु १०००००/-
- मध्यनेपाल न.पा. वडा नं सबैमा आमा समूह सामान खरिद रु १०००००/-
- मध्यनेपाल न.पा. वडा नं ९ मा सालडाँडा मोटरबाटो रु १०००००/-
- मध्यनेपाल न.पा. वडा नं ६ मा विमिरेपानी क्षेत्री समाज किरिया पुत्री बस्ने पाटी निर्माण रु २०००००/-
- मध्यनेपाल न.पा. वडा नं ९ मा बाँग्रे खलक खानेपानी रु ५००००/-
- मध्यनेपाल न.पा. वडा नं ६  मा ईशानेश्वर मा.वि. खानेपानी व्यवस्थापन रु २०००००/-
- मध्यनेपाल न.पा. वडा नं १० मा खमारी स्वाँरा ठूलो पँधेरो मोटर बाटो रु २,५०,०००/-

निर्णय नं ८

प्रस्ताव नं ८ उपर छलफल गर्दा नगरसभाबाट स्वीकृत तपशिल योजनाहरुको संशोधन गर्ने निर्णय गरियो ।

१) वडा नं २ को क्र.सं. ५८ मा उल्लिखित महिला क्षमता अभिवृद्धि तथा मातृ शिशु स्याहार कार्यक्रम संशोधन गरी महिला सिप विकास (सिलाई कटिङ तालिम) कायम गर्ने ।

२) वडा नं ७ को क्र.सं. २६१ मा उल्लिखित मालिका आमा समुह भवन निर्माण कार्यक्रम संशोधन गरी वासपानी कामी गाँउ पौवा गौरो सिंढी निर्माण कायम गर्ने ।

३) वडा नं ७ को क्र.सं. २४३ मा उल्लिखित ठूलो ढुङ्गा मूर्ति  निर्माण कार्यक्रम संशोधन गरी ठूलो ढुङ्गा संरक्षण कायम गर्ने  ।

४) वडा नं ६ को क्र.सं. २१९ मा उल्लिखित दलित लक्षित तालिम कार्यक्रम संशोधन गरी दलित लक्षित कार्यक्रम र क्र.सं. २०७ मा उल्लिखित सिम्पानी चौतारा बाट जगतेको घर हुदैं गणेशको घर माथि जाने मोटर बाटो कार्यक्रम संशोधन गरी प्रगतिशिल दलित आमा समूह भवन निर्माण कायम गर्ने ।

५) वडा नं ३ को क्र.सं. ८९ मा उल्लिखित कार्यक्रमलाई क्र.सं. ८७ मा मिलान गर्ने र मिति २०७५/०७/१९ गतेको निर्णय अनुसार वगाले थापा मन्दिर भित्र ढुङ्गा विछ्याउने कार्यक्रमलाई संशोधन गरी वगाले थापा मन्दिर भित्र सोलिङ्ग र ढलान कायम गर्ने ।

निर्णय नं ९

प्रस्ताव नं ९ उपर छलफल गर्दा निम्नानुसार निर्णय गरियो ।

क) आगामी आर्थिक वर्ष २०७६/७७ बाट प्रत्येक वडा कार्यालयलाई केही अनुदान रकमको व्यवस्था गर्ने र नगरपालिकाले ठूला योजना संचालन गर्ने ।

ख) आगामी आर्थिक वर्ष २०७६/७७ बाट मध्यनेपाल नगरपालिकामा ३ वटा बाटोमा कालोपत्रे गर्न सुरु गर्ने र अन्य बाटोलाई स्तरोन्नती गर्ने ।

ग) दलित विकास कोषको नगर स्तरीय कार्यक्रमको लागि प्रस्ताव पेश गर्न सात दिने सूचना जारी गर्ने ।

घ) १० + २ पढेका विद्यार्थी व्यवसायिक तालिम कार्यक्रम श्री भैरवकाली मा.वि.मा संचालन गर्ने ।